म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ३१५ २०८१ असोज २२ गते मंगलबार 8 October 2024, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-

## लडेर दिलबहादुरको मृत्यु

हेटौंडाः मकवानपुरको कैलाश गाउँपालिका-२, कैलाशमा बाटोबाट लडेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा ६३ वर्षीय दिल बहादुर स्याङ्तान रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

आइतबार साँझ ५ बजेर ३० मिनेटको समयमा खेतबाट घर फर्कने क्रममा दिलबहादुर बाच खोल्सीको गोरेटो बाटोबाट लडेर ५ मिटर तल खसेका थिए। स्याङ्तानको घटनास्थलमै मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि हेटौंडा अस्पताल ल्याइएको प्रहरीले जनाएको छ।

# मकवानपुरको बागमतीबाट १ करोडको खसीबोका बिक्री



समाज संवाददाता

हेटौंडाः मकवानपुरको बागमती गाउँपालिकाबाट एक करोड रुपैयाँ बराबरको खसीबोका बिक्री भएको छ। खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले बागमती गाउँपालिकाबाट १ करोड रुपैयाँ बराबरको खसीबोका खरिद गरेको हो।

गाउँपालिका र कम्पनीबीच भएको सम्झौताअनुरुप गाउँपालिकाभित्रका किसानले उत्पादन गरेका करिब ४ सय ८८ वटा खसीबोका बिक्री भएको गाउँपालिकाका पशुपन्क्षी विकास शाखाका प्रमुख डा. विमोचन पौडेलले जानकारी दिनुभयो। असोज १८ तथा २० गते गाउँपालिकाका विभिन्न स्थानबाट खसीबोका खाद्य व्यवस्था तथा व्यापार कम्पनीले खरिद गरी काठमाडौं पठाएको थियो।

करिब १ करोड रुपैयाँको खसीबोका बिक्री भएको उहाँको भनाइ छ। उहाँका अनुसार कृषकहरुले बिक्री स्थलमै खसीबोकाको रकम पाएका छन्। जिउँदो खसी २० देखि २५ केजीसम्मलाई प्रतिकेजी ५ सय ८५ रुपैयाँ, २५ केजीभन्दा माथिलाई प्रतिकेजी ६ सय ५ रुपैयाँ मूल्य तोकिएको थियो। यस्तै, १८ केजीभन्दा माथिका बोकालाई प्रतिकेजी ५ सय ७० रुपैयाँ खरिद मूल्य तोकिएको थियो।

गाउँपालिकाका पशुपन्क्षी शाखाका प्राविधिक राजेन्द्र गोलेका अनुसार यसअघि लगातार दुई वर्ष कम्पनीले बागमतीबाट खसीबोका खरिद गरेको थियो। बागमतीमा सुरुको वर्षमा १ सय ५ वटा र दोस्रो वर्ष ३ सय ५० वटा खसीबोका खरिद गरेको उहाँले बताउनुभयो।

गाउँपालिकाभित्र खसीबोकाको बढ्दो उत्पादनसँगै किसानहरुलाई बिक्री वितरणमा समस्या हुने भएपछि उक्त कम्पनीसँग सम्झौता गरी एकमुष्ट खसीबोका खरिद गर्ने व्यवस्था मिलाएको गाउँपालिका अध्यक्ष सर्केश घलानले जानकारी दिनुभयो। यसले गर्दा बिचौलीयाहरु हावी नहुने र किसानहरुले उचित मूल्य पाउने उहाँको भनाइ छ। उहाँले किसानहरुलाई थप प्रोत्साहन गर्न पालिकाले काम गर्ने बताउनुभयो।

गाउँपालिकाका तर्फबाट अध्यक्ष घलान, प्रमुख प्रशासकीय अधिकृत ओमबहादुर दर्जी र कम्पनीको वीरगञ्ज शाखाका प्रमुख पंकजकुमार झा र वरिष्ठ सहायक समीर दाहालले खसीबोका खरिद बिक्रीको सम्झौतापत्रमा हस्ताक्षर गर्नुभएको थियो।

## दुर्घटनामा परी सिन्धुलीमा २, चितवनमा १ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः सोमबार सिन्धुली र चितवन जिल्लामा सवारी दुर्घटनामा परी ३ जनाको मृत्यु भएको छ। सिन्धुलीमा बस दुर्घटना हुँदा २ जनाको मृत्यु भएको हो भने चितवनमा स्कुटर दुर्घटनामा एकजनाको मृत्यु भएको हो।

काठमाडौंबाट भोजपुरतर्फ जाँदै गरेको यात्रुवाहक बस सिन्धुलीमा दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको हो। मदन भण्डारी राजमार्गअन्तर्गत सिन्धुलीको हरि हरपुरगढी-५ द्वारेखोलामा सोमबार दिउँसो दुर्घटना हुँदा २ जनाको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। वाग्मती प्रदेश ०१-००६ ख ६७८५ नम्बरको रोयल भोजपुर यात्रुवाहक बसमा ४० भन्दा बढी यात्रुहरू रहेका थिए। घाइतेहरूको मरिण गाउँपालिकाको प्राथमिक स्वास्थ्य केन्द्र कपिलाकोटमा उपचार भइरहेको छ भने कतिपयलाई सिन्धुली अस्पतालमा लगिएको छ।

यस्तै चितवन जिल्लाको रत्ननगर नगरपालिका-९ टिकौली जंगलमा सोमबार बिहान सवा ९ बजे मोटरसाइल अनियन्त्रित भई अन्य एक मोटरसाइकल र स्कुटरमा ठक्कर खाँदा एक जनाको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन्। जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक भेषराज रिजालका अनुसार पूर्व-पश्चिम राजमार्गको टिकौली जंगलमा ना ४३ प ६२४१ नम्बरको मोटरसाइकल अनियन्त्रित भई सोही स्थानमा वाग्मती प्रदेश ०३-००३ प ८६६ नम्बरको स्कुटर र ग १२ प ७१७२ नम्बरको मोटरसाइकल एकापसमा ठक्कर खाँदा चालक र पछाडी बस्ने गरी छ जना घाइते भएको तथा घाइतेमध्ये गम्भिर अवस्थामा रहेका स्कुटर चालक स्याङ्जाका आदिखोला गाउँपालिका-३ बस्ने २३ वर्षीय रोहन पौडेलको भरतपुर अस्पतालमा उपचारका क्रममा बिहान करिब १० बजेको समयमा मृत्यु भएको हो।

# एन्फाले ६ मृतकका परिवारलाई ८ लाख दिने

समाज संवाददाता

हेटौंडाः अखिल नेपाल फुटबल संघ (एन्फा) ले असोज १२ गतेको अविरल वर्षासँगै आएको पहिरोमा परी मृत्यु भएका ६ जना किशोर खेलाडीको परिवारलाई ८ लाख रुपैयाँ उपलब्ध गराउने भएको छ। आइतबार एन्फाका अध्यक्ष पंकज विक्रम नेम्वाङको अध्यक्षतामा बसेको आपतकालिन बैठकले राहत स्वरुप प्रत्येक परिवारलाई ८ लाख रुपैयाँका दरले राहत रकम उपलब्ध गराउने निर्णय गरेको हो।

असोज १२ गते मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-३, सिस्नेरीस्थित एन्फा वात्सल्यदेवी एकेडेमीका ६ विद्यार्थीहरुले पहिरोमा परी ज्यान गुमाएका थिए। मकवानपुरका साइमन योञ्जन, अनुपम घलान र दिवस बानियाँसहित आदित्य बलम्पाखी, विकल रेग्मी र प्रियान्स आचार्यको पहिरोमा परी मृत्यु भएको थियो। एन्फाको बैठकले प्रत्येक मृतक खेलाडीहरुको नाममा परिवारले चाहेको स्थान र क्षेत्रमा २ लाख रुपैयाँको अक्षयकोष खोल्ने निर्णय गरेको छ। यस्तै एन्फाले सञ्चालन गर्ने छात्र स्कुल प्रतियोगिता स्वर्गीय ६ खेलाडीको स्मृतिमा सञ्चालन गर्ने, मृतक खेलाडीहरुको सालिक वा स्मृति स्तम्भ निर्माणका लागि वात्सल्यदेवी माविमा पहल गरी निर्माण गराउने र मृतक परिवारको थप राहतका लागि फिफा र एएफसीलाई अनुरोध गर्ने निर्णय गरेको छ।

बैठकले उक्त घटनाको सत्य तथ्य विवरण संकलन गरी यथार्थ प्रतिवेदन १ महिनाभित्र पेश गर्ने गरी एन्फा केन्द्रीय सदस्य विकास नारायण श्रेष्ठको संयोजकत्वमा तीन सदस्यीय समिति गठन गरेको छ। समितिको सदस्यहरुमा केन्द्रीय सदस्य टिकाराम लामा र सहायक महासचिव दामोदर पनि छन्। यस्तै सोमबार साँझ ५ बजे एन्फाको केन्द्रीय कार्यालय, प्रदेश फुटबल संघ, जिल्ला फुटबल संघ र क्लबहरुले देशभर दीप प्रज्ज्वलन गरेको छ।

### हेटौंडा उपमहानगरले ईन्द्रसरोवरलाई ५ लाख दिने

## अनुपमका परिवारलाई १ लाख दिने

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिकाले बाढीपहिरो प्रभावित मकवानपुरको ईन्द्रसरोवर गाउँपालिकाको पुनर्निर्माणका लागि ५ लाख रुपैयाँ सहयोग गर्ने भएको छ। आइतबार उपमहानगरपालिकाको ५४ औं कार्यपालिका बैठकले बाढी, पहिरोबाट प्रभावित पालिकाको सडक पूर्वाधार पुनर्निर्माणका लागि ५ लाख रुपैयाँ सहयोग गर्ने निर्णय गरेको हो। यस्तै सिस्नेरीमा पहिरोमा परी निधन भएका एन्फा एकेडेमीका किशोर खेलाडी हेटौंडा-१२ का अनुपम घलानको परिवारलाई १ लाख रुपैयाँ आर्थिक सहयोग गर्ने निर्णय गरेको छ। आइतबारको कार्यपालिका बैठकले हेटौंडा उपमहानगरपालिका वडा नम्बर २ को कार्यालय भवन उपमहानगरपालिका परिसरमै निर्माण गर्ने निर्णय गरेको छ।

# चितवनमा २ जनाको मृत्यु, एक कंकाल फेला

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लामा एकैदिन २ जनाको मृत्यु भएको छ भने एक कंकाल फेला परेको छ। चितवनको भरतपुर महानगरपालिका-२७, मेघौलीमा शौचालयमा लडेर एक जना वृद्धको मृत्यु भएको छ। मृत्यु हुनेमा ७८ वर्षीय टेक नारायण भुसाल रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

आइतबार राति २ बजेर २० मिनेटको समयमा भुसाल आफ्नै घरको शौचालयमा लडी घोप्टो अवस्थामा फेला परेका थिए। भुसाललाई उपचारका लागि चितवन मेडिकल कलेज भरतपुर लगिएकोमा राति ३ बजेर ४९ मिनेटको समयमा डाक्टरले मृत घोषण गरेको प्रहरीले जनाएको छ। यस्तै, चितवनको भरतपुर महानगरपालिका-२९, जुगेडी बजारमा मोटरसाइकलले ठक्कर दिँदा पैदलयात्रीको मृत्यु भएको छ। मृत्यु हुनेमा भरतपुर महानगरपालिका-१७ का ६२ वर्षीय धनिराम महतो रहेको प्रहरीले जानकारी दिएको छ।

शनिबार बिहान १० बजेर ५० मिनेटको समयमा जुगेडी बजारमा ना ४२ प ४८९० नम्बरको मोटरसाइकलले ठक्कर दिँदा महतो गम्भिर घाईते भएका थिए भने मोटरसाइकल चालक तनहुँको देवघाट गाउँपालिका-५ का २५ वर्षीय हिरा गुरुङ मध्यम घाइते भएका थिए। घाइते दुबैलाई उपचारका लागि चितवन मेडिकल कलेज भरतपुर लगिएको थियो। पैदलयात्री महतोको उपचारको क्रममा आइतबार दिउँसो १२ बजेर २० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ। चितवनको भरतपुर महानगर पालिका-३, नगरवनमा मानव कंकाल फेला परेको छ। आइतबार नारायणी नदिको बिच टापुमा मानव कंकाल छ भन्ने खबर प्राप्त हुना साथ प्रहरी टोली खटिएको थियो। मुचुल्का लगायत अन्य अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

मंगलमय शुभकामना

वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व बडा दसैं, तिहार, छठ पर्व २०८१ को शुभ अवसरमा सहकारी अभियानमा आवद्ध सम्पूर्ण, प्रारम्भिक सहकारी संस्थाका पदाधिकारी तथा सदस्य एवम् नेपाली समुदायमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

कल्पना श्रेष्ठ, अध्यक्ष
एवम् जिल्ला बचत तथा ऋण सहकारी संघ लि. मकवानपुर परिवार
हेटौंडा, मकवानपुर

हार्दिक शुभकामना
विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत् तथा छठ पर्व-२०८१
सम्पूर्ण शेयर सदस्य तथा शुभेच्छुक महानुभावहरूमा
सुख, शान्ति, समृद्धि एवं सु-स्वास्थ्यको लागि
हार्दिक मंगलमय शुभकामना
मिठाराम दाहाल
अध्यक्ष
एवम्
नमूना प्रगति बचत तथा ऋण सहकारी संस्था लि.
हेटौंडा-२, मकवानपुर परिवार

मंगलमय शुभकामना

वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व बडा दसैं, तिहार, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण सेयर सदस्य ज्यूहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

कमल मैनाली, अध्यक्ष
एवम् गणपति बाबा बचत तथा ऋण सहकारी संस्था लि. परिवार
हेटौंडा-२, मानसचोक

मंगलमय शुभकामना

वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व बडा दसैं, तिहार, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ-दिदीबहिनी तथा जेसीज अभियानमा सहभागी सम्पूर्णमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

जेसीआई सिनेटर माधवप्रसाद न्यौपाने
अध्यक्ष, जेसीआई हेटौंडा वर्ष २०००

# सम्पादकीय

## बजार अनुमगन शून्य

विगतका वर्षमा दशैंअघि हेटौंडा बजार क्षेत्रमा बजार अनुगमन हुने गरेको भए पनि यस वर्ष अनुगमन शून्यप्राय: छ । नेपाली बजार उपभोक्तामैत्री छैन । बजारमा व्यापारीको वर्चश्व छ । उपभोक्ताको हित तथा अधिकारलाई बजारले बुझेको छैन । व्यापारीले जे चाह्यो, बजारमा त्यही हुन्छ, जसलाई न्यूनीकरण गर्न समय-समयमा बजार अनुगमन हुनुपर्छ । विगतमा दशैं, तिहार, छठजस्ता मुख्य चाडपर्वलक्षित बजार अनुगमनले केही हदसम्म भए पनि समयमा बजारमा देखिने व्यापारीको मनोमानी कम गर्ने गरेको भए पनि यस वर्ष अनुगमनका कुनै खबर सार्वजनिक भएको छैन । हुन त बजारमा हुने अनियमितता र गैरकानुनी कार्य हुन नदिन र बजारलाई नियमन गर्न गरिने अनुगमनलाई कुनै विशेष अवसर वा चाडपर्व कुरिरहनु पर्दैन । परम्परागत शैलीमै भए पनि चाडपर्वलक्षित बजार अनुगमनसमेत हुन नसक्दा बजारमा उपभोक्ता ठगिने सम्भावना बढेको छ ।

नियमित र निरन्तर बजार अनुगमन गरेर उपभोक्ता तथा सेवाग्राहीको हितअनुकूल बजारलाई नियमन गर्नु सरकारको दायित्व हो । मुलुकमा तीन तहको सरकार हुँदा पनि नियमनकारी निकायले बजारको नियमनको लागि सक्रियता नदेखाउनुले आम उपभोक्ताले सरकार भएको अनुभूति गर्न पाएका छैनन् । बजारको नियमन गर्ने जिम्मेवारी पाएका निकायले वर्षैभरि चनाखो र जागरुक बनेर अनुगमन र कारबाही गर्नुपर्ने भए पनि विगतमा हुने गरेको चाडपर्वलक्षित अनुमगनसमेत हुन नसक्दा व्यवसायीको मनोमानी बढ्ने र उपभोक्ता आक्रान्त बन्ने निश्चित छ । दशैं, तिहारजस्ता चाडपर्वको समयमा सार्वजनिक सवारी साधन, माछामासु, खाद्यान्न, तरकारी, फलफूल, कपडा, मिठाइजस्ता वस्तु एवम् सेवामा व्यवसायीले चलखेल गर्ने गरेको पाइन्छ । व्यवसायीको यस्ता चलखेल र विकृति कम गर्न नियमित अनुगमन र प्रभावकारी कारबाही प्रक्रियालाई व्यापक बनाउनुपर्ने भए पनि अनुमगन शून्यप्राय: बन्नुलाई स्वभाविक मान्न सकिँदैन ।

दशैं सुरु भइसक्दा बजारमा किनमेल गर्नेहरुको भिड बढेको छ । बजारमा जताततै मानिस र सवारी साधनको लस्कर देखिन्छ । दशैंका लागि किनमेल गर्न बजारमा ग्रामीण क्षेत्रका उपभोक्ता बढी आउने गरेका छन् । अहिले बजारमा तरकारी, खाद्यान्नजस्ता दैनिक उपभोग्य सामग्रीको मूल्य निकै वृद्धि भएको छ । फलफूलको मूल्य पनि उस्तैगरी वृद्धि भएको छ । सबै वस्तुमा भइरहेको मूल्यवृद्धिले आम उपभोक्ता मारमा परिरहेका छन् । उपभोक्ताले दैनिक प्रयोग गर्ने वस्तुको मूल्यबृद्धिको मार सबैले महसुस गर्ने भए पनि सबैजसो वस्तुमा मूल्यवृद्धि भइरहेकै छ । अन्य समयमा भन्दा चाडपर्वको बेलामा बजारमा अव्यवस्था र विकृति बढ्छ नै । भिडभाडका कारण उपभोक्ताले सामान खरिदमा सबै कुरा ध्यान दिन नसक्ने र यस्तै समयमा गुणस्तरहिन, मिसावट भएका र म्याद गुज्रिएको वस्तु बिक्री गर्ने सम्भावना बढी हुने गर्दछ । उपभोक्ताको घुइँचो हुने भएकाले मूल्यमा पनि अस्वभाविक वृद्धि हुने गरेको छ । यस्ता व्यथिति रोक्नका लागि आवश्यक प्रभावकारी अनुगमनका लागि जिम्मेवार निकायले चासो देखाएको छैन ।

बजारमा उपभोक्ताको आवश्यक वस्तु तथा सेवाहरुको मौज्दात के छ ? व्यवसायीले कति मूल्यमा वस्तु तथा सेवा बिक्री गरिरहेका छन् ? पसलमा राख्नुपर्ने मूल्यसूचीको अवस्था कस्तो छ ? कुनै वस्तुको कृत्रिम अभाव सिर्जना भएका छन् कि छैनन् ? जस्ता प्रश्नको उत्तर खोजेर कालोबजारी नियन्त्रण गर्न अनुगमन गर्नैपर्छ । विगतमा मुख्य चाडपर्व नजिकिँदै जाँदा स्थानीय प्रशासन र नियमनकारी अन्य निकायले संयुक्तरुमा बजार अनुगमन गर्ने गरेको भए पनि यसवर्ष बजार अनुगमनको अत्तोपत्तो छैन । संघ, प्रदेश र स्थानीय सरकारका विभिन्न निकायले बजार अनुगमन गर्न सक्ने भए पनि अनुगमनको कुनै खबर पाइएको छैन । प्रभावकारी बजार अनुगमन गरेर कम गुणस्तरका, मिसावट भएका, म्याद गुज्रिएका र मूल्य तथा उपभोग्य मिति उल्लेख नगरिएका सामग्री बरामद गरिनुपर्छ । यस्ता वस्तु बिक्री गर्ने बिक्रेतालाई कारबाही गरिनुपर्छ । कृत्रिम अभाव सृजना गर्ने र बढि मूल्य असुल गर्ने व्यवसायीलाई कारबाहीको दायरामा ल्याउनुपर्छ । बजारमा हुने सबै प्रकारका गैरकानुनी कामलाई रोकेर उपभोक्ताको हितका लागि सरकारी संयन्त्रले बेवास्ता गर्नु हुँदैन ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : वैदेशिक योगका काममा खर्च बढ्ने समय छ ।
**वृष** : जिद्धीपन र हठ त्याग गर्दा राम्रो रहने छ ।
**मिथुन** : लेखाई–पढाईका काममा सरिक भइने समय छ ।
**कर्कट** : व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
**सिंह** : आहार–विहारमा अनुशासन पालन गर्दा राम्रो होला ।
**कन्या** : लेखाई–पढाई मध्यमकारक नै मान्नुपर्दछ ।
**तुला** : हाकिमको कचकचले मन विचलित हुने समय योग छ ।
**वृश्चिक** : धार्मिक र सामाजिक काममा मन जाने समय छ ।
**धनु** : अध्ययन–अध्यापनका क्षेत्रहरु मध्यमकारक छन् ।
**मकर** : घमण्ड र अहंकार त्याग गर्दा राम्रो रहने समय छ ।
**कुम्भ** : अध्ययन–अध्यापनका क्षेत्रहरु सफल रहलान् ।
**मीन** : पारिवारीक दायित्व बढ्ने समय योग रहेको छ ।

# वडा दशैं, २०८१ सबैको मंगलमय बनोस्



✍अमर अधिकारी







हिन्दू धर्मसँग सयौं पर्व र संस्कृतिहरू जोडिएर आउँछन्। सबैको आआफ्नै महत्व र विशेषता छन्। जसमध्ये एक हो दशैं। हिन्दु धर्मावलम्बीहरूको सबैभन्दा ठूलो चाड हो यो। दशैं आश्विन शुक्ल प्रतिपदादेखि पूर्णिमासम्म १५ दिन मनाइन्छ। यी १५ दिन सबैको फरक-फरक विशेषताहरु छन्। पुरानो मान्यता अनुसार आश्विन शुक्लपक्षको दशमी तिथिका दिन भगवान रामले लंकाका राजा रावणको वध गरेका थिए। त्यसैबेलादेखि दशै मनाउन थालिएको हो। त्यसैगरी जगदम्बा भगवती दुर्गाले दानवराज महिषाशुरको वध गरी पृथ्वीमा असत्य, अपराध र अत्याचारको राजलाई समाप्त पारेकी थिइन्। यसैले पनि असत्य माथी सत्यको विजयको रुपमा दशैलाई मनाउन थालिएको हो। शुरुवात जसरी भएपनि दशै पर्वलाई असत्यमाथि सत्यको, अन्यायमाथि न्यायको, युद्धमाथि शान्तिको, हिंसामाथि अहिंसाको जीतको रुपमा लिइन्छ। दशैलाई धार्मिक सहिष्णुता, सामाजिक सद्भाव, मेलमिलाप र एकताको प्रतिकको रुपमा मनाइन्छ।

आश्विन शुक्ल प्रतिपदा देखि दशमी सम्म १० दिन विभिन्न शक्तिपिठहरुको दर्शन, शक्तिको उपासना, पूजापाठ, व्रत र उत्सवकोरुपमा दशै मनाइन्छ। परिवारबाट टाढा भएका सदस्यहरुको जमघट र भेटघाट हुने पर्व पनि हो दशै। दशैमा सरकारी तथा गैरसरकारी कार्यालयहरु एक हप्ता तथा शिक्षण संस्थाहरु पन्ध्रदिन विदा हुने गर्दछ। त्यसैले पनि अधिकांश मानिसहरु आफ्नो जन्मस्थान वा आफूले चाहेको स्थानमा जमघट भई धुमधामसंग दशै मनाउने अवसर प्राप्त गर्दछन्। दशै सबैभन्दा ठूलो राष्ट्रिय पर्व पनि हो।

### दशैका महत्वपूर्ण दिनहरू:

घटस्थापना: भागवत महापुराण अनुसार मर्यादा पुरुषोत्तम श्री रामचन्द्रले नवरात्रको व्रत विधिपूर्वक सम्पन्न गरी दशमीका दिन विजययात्रा गरेर रावणमाथि विजय प्राप्त गरेका थिए। त्यहाँ आश्विन शुक्ल पक्षको नौ अहोरात्रलाई नवरात्र व्रत भनी प्रतिपादन गरिएको छ। यस व्रतको दिनहरुमा निश्चित तिथिमूलक देवीदेवताहरुको अनुष्ठान समेत हुने भएकाले नवरात्रका दिनहरूलाई छोट्याउन वा बढाउन नमिल्ने हुन्छ। प्रतिपदाको दिनलाई घटस्थापना भनिन्छ। यसै दिनदेखि दशैंको नवरात्र आरम्भ हुन्छ। क्रमश: दशमीका दिन प्रात: कालमा मात्र यो व्रत समापन हुन्छ। यसै दिन जमरा राखिन्छ। यस दिन घट (कलश) को स्थापना गरी देवीदेवतालाई आह्वान गरिन्छ।

### महासप्तमी (फूलपाती):

नवरात्रको सातौं दिनलाई फूलपाती भनिन्छ। दशैंमा यो दिनको महत्व अधिक रहेको छ। नवरात्रको सप्तमीका दिन बेलपत्र, धानको गाभो, अनार, अदुवाको बोट, कचु, उखु, केरा आदि नौ प्रकारका पल्लवहरू दशैं घरमा भित्र्याउने कार्यलाई फूलपाती भित्र्याउने भनिन्छ। वर्षा ऋतु सकिएर शरद ऋतुको स्वागतका लागि नयाँ पालुवाहरु घरमा भित्र्याउँदा घर भित्र रहने रोग वृद्धिकारक जीवांश (भाइरस, ब्याक्टेरिया) र विभिन्न प्रकारका नकारात्मक कीटाणु र जीवाणुहरु औषधीय पालुवाको प्रभावले घरमा रहन सक्दैनन्। यस दिन राजधानीको टुँडिखेलमा बढाइँ भएपछि फूलपातीस्वरुप केरा, दारिम, धान, हलेदो, माने, कचु, बेल, अशोक र जयन्ती गरी नौ प्रकारका पातहरुलाई पूजा गरी प्रत्येकको नौका दरले दुर्गापूजा गरेको स्थानमा भित्र्याइन्छ। यी नौ पातमा क्रमश: ब्रह्मायणी, रक्तचण्डिका, लक्ष्मी, दुर्गा, चामुण्डा, कालीका, शिवा, शोकहारिणी र कार्तिकी देवीलाई एक एक गरी आह्वान गरेर सोह्र सामग्रीले पूजिन्छ। साथै यसै दिन गोरखा दरबारको दशैंघरबाट ल्याइएको फूलपाती राजधानी काठमाडौंको जमलमा ल्याई परेड र बढाइँका साथ हनुमानढोका दरवारमा भित्र्याइन्छ।

### महाष्टमी:

नवरात्रको आठौं दिन महाकाली (भद्रकाली) को विशेष पूजाआजा गरिन्छ। देवीभागवतअनुसार प्राचीन कालमा दक्षप्रजापतिको यज्ञ नाश गर्ने ज्यादै शक्तिशाली वीरभद्रका साथ भद्रकाली अष्टमीका दिन उत्पन्न भएको विश्वासमा पूजा गर्ने चलन छ। पूजापश्चात यी देवीलाई बोका, कुखुरा, हाँस, राँगो आदि बलि दिइन्छ। शाकाहारीहरुले नरिवल, कुभिण्डो, केरा, घिरौँला, आदि फल अर्पण गर्दछन्। काठमाडौंको तलेजु भवानीको मन्दिर पनि यस दिन मात्र सर्वसाधारणको लागि खुल्ला रहन्छ। यसै दिन दशैंघर (हनुमानढोका) को मूल चोकमा तलेजु भवानीलाई ५४ राँगा र त्यति नै बोका बलि दिइन्छ। त्यस्तै देशका विभिन्न दुर्गा मन्दिरहरुमा धुमधाम पूजाआजाका साथै राँगा, बोकाको बलि पनि चढाइन्छ। यसै दिन सुदूरपश्चिमको प्रमुख शक्तिपीठ निङ्गलाशैनी मन्दिरमा लगभग १ हजार ३ सय राँगो र ४ सयवटा बोकाको बलि चढाइन्छ।

### महानवमी:

नवरात्रको नवौ दिनविशेष गरी सिद्धिदात्री देवीको पूजाआजा गरिन्छ। यसै दिन बिहान कलपूर्जा, हातहतियार तथा सवारीका साधन आदिलाई बलि दिई विश्वकर्माको पूजा पनि सम्पन्न गरिन्छ। यस दिन अरू पूजाको अतिरिक्त विशेष गरी दुई वर्षदेखि दस वर्षसम्मका नवकन्याहरूको पनि पूजाआजा गरिन्छ। बलिको अर्थ त्याग, बलि दिनु अर्थात् त्यागि दिनु। काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य, ईर्ष्या, द्वेष, छल, कपट, यी दस प्रकारका विकारहरू छन्। विकारबाट ग्रस्त मानिस कामवासनाले युक्त, क्रोधी, लोभी, मोहग्रस्त, मद र मात्सर्यले चुर भएको हुन्छ। नवदुर्गाका प्रसादले यी अवगुणहरु हटून्, सुख, शान्ति, समृद्धि प्राप्त होस् भन्ने भाव दसैँको हो। कामको प्रतीक बोको, क्रोधको प्रतीक राँगो, लोभको प्रतीक भेडो, मद, मात्सर्यको प्रतीक कुखुरो र हाँसलाई मानिन्छ। यी प्रतिनिधि पात्रहरुको प्रवृत्तिस्वरुप मानवमा कामुकता, क्रोधीपन, लोभीपन, मोह र अहङ्कारी दुर्भावना उत्पन्न हुन्छ। त्यस्ता दुर्भावनाहरूलाई नवदुर्गाको मन्दिरमा लगेर चढाऊँ अर्थात त्यागौं भन्ने शास्त्रीय मान्यता दशैंको छ। तर मानिसले ती प्रतिनिधि पात्रलाई नै बलिका रूपमा चढाउन थालेपछि दशैंमा बलिको शुरुवात भएको हो।

### विजयादशमी:

नवरात्रको दशौं दिनलाई विजयादशमी भनिन्छ। कसैले साँझ बितेपछि त कसैले तारा उदाएपछि दुर्गा विसर्जन गर्ने प्रसङ्ग उल्लेख गरेका छन् तर विजयनाम गरेको योग नै सबै कार्यकानिम्ति सिद्धिदायक हुन्छ। यस सम्बन्धमा श्रीमद्देवीभागवत भन्छ- 'नवरात्रमा नवरात्रपर्यन्त अहोरात्र व्रत बसी दशमीका दिन शुभ साइतमा भगवान रामचन्द्रले रावणमाथि विजय प्राप्त गरेकाले यसलाई विजया दशमी भनिएको हो।' यस दिन आफूभन्दा ठूला र मान्यजनका हातबाट टीका तथा प्रसाद ग्रहण गरिन्छ। नातासम्बन्ध स्थायी राख्न र आशीर्वाद ग्रहण गर्नका लागि मामाघर, ससुराली आदिमा गइन्छ। टीका लगाउने चलन ५ दिनसम्म रहन्छ। कतै कतै एकै दिनमा दशैंको टीका सक्ने गरिएको पनि पाइन्छ।

कोजाग्रत पूर्णिमा दशैं सकिने पूर्णिमाको रातलाई कोजाग्रत पूर्णिमा भनिन्छ। आश्विन शुक्ल प्रतिपदा (घटस्थापना)का दिनदेखि सुरु भएको दुर्गा पक्ष अर्थात् दशैं पर्व कोजाग्रत पूर्णिमाका दिन सम्पन्नताकी देवी महालक्ष्मीको पूजाआराधना गरी राति जाग्राम बसेपछि समापन हुन्छ। यो दिनमा सम्पन्नताकी देवी महालक्ष्मीले आजको रात पृथ्वीको भ्रमण गरी को जागेको छ ? भनी हेर्ने र जो जाग्राम बसी महालक्ष्मीको पूजाआराधना गरिरहेको छ, उसैलाई आशीर्वाद दिई धनधान्यले सम्पन्न गरिदिने धार्मिक विश्वास रहिआएको छ। यही विश्वासका कारण यस रात गृहिणीहरु जाग्राम बसी महालक्ष्मीको पूजाआराधना गर्दछन्। यसरी १५ दिन सम्म मनाइदैं दशैंको समापन गरिन्छ।

हाम्रा हरेक चाडपर्वहरुको विभिन्न सामाजिक, धार्मिक तथा सांस्कृतिक महत्व रहेका छन्। तर धार्मिक विचलन तथा पश्चिमेली संस्कृतिको कुप्रभावले हाम्रा चाडपर्वहरुको महत्व ओझेलमा पर्दै गएको छ। सामाजिक विकृति र विसंगतिहरुले गर्दा चाडपर्वहरुको महत्वलाई घटाउदै लगेको छ। आजभोली चाडपर्वहरु मनाउने विधि/तरीकाहरु भड्किलो तथा खर्चिलो वन्दै गएको पाइन्छ।

विनासकारी भूकम्प, कोरोनाको महामारी लगायत अन्य प्राकृतिक प्रकोपले थिचिएको हाम्रो अर्थतन्त्र धरासायी वन्दै गएको छ। २०८१/०६/१० देखि १३ गते सम्मको भिषण वर्षाले नेपालमा ठूलो जनधनको क्षति भयो, देश नै शोकमा डुब्यो। यसले पनि दशैको मुखैमा विपत्ति आइलाग्यो।

स्वदेशी घट्दो उत्पादन र वैदेशिक आयातमा निर्भर हाम्रो अर्थतन्त्रको अवस्थाले अधिकाँश नेपालीहरु गरिवीको चपेटामा पिल्सीएका छन्। व्यापारीहरुका अनुसार यसवर्ष गतवर्षको तुलनामा झण्डै ४० प्रतिशत महंगी वढेकोछ। चाडपर्वमा हौसिएर खर्च गर्ने प्रवृत्ति वढेकोले पनि आम्दानी र खर्चको तारतम्य मिलाउन धेरैलाई कठिन हुन गर्दछ। चाडपर्व भन्नासाथ मिठो मसिनो खानुपर्ने, नयाँ/राम्रो लुगा लगाउनुपर्ने र वढी खर्च गरेर अरुको देखासेकी गर्नुपर्ने हाम्रो परम्परा बन्दै गएको छ। यसलाई सामाजिक प्रतिष्ठाको विषय बनाइदै छ। हुनेलाई त बढी खर्च गरेपनि खासै फरक नपर्ला, तर नहुनेले कहाँबाट जुटाउने बढी खर्च ? यसबाट झन् उनीहरु ऋणमा डुब्दै झन्झन गरीब हुन बाध्य भएका छन्।

विभिन्न संस्थाहरुको तथ्याँक अनुसार नेपालमा हाल ४ लाख भन्दा बढी मानिसहरु सुकुम्बासी छन्। उनीहरुका लागि यस मुलुकमा बासका लागि झुपडि हाल्नेसम्म आफ्नो जग्गा जमिन छैन। त्यसैगरी कुल जनसंख्याको झण्डै एक चौथाई अर्थात ३५ लाख मानिसहरु विहान बेलुकी हातमुख जोर्ने समस्याबाट ग्रसित छन्। उनीहरु निरपेक्ष गरीवीको रेखामुनी बस्न बाध्य छन्। त्यसैगरी वेरोजगारीहरुको संख्या पनि उल्लेखनियरुपमा रहेको छ।

अर्कातर्फ मुलुकमा नवधनाढ्यको संख्या पनि बढ्दै गएको छ। उनीहरुको सम्पत्तिको लेखाजोखा गर्न नभ्याउने भएको छ। दलाली र भण्ट्राचारीहरुको विगविगी रहेको छ। यसले गर्दा देशमा धनी र गरीब (हुने र हुँदाखाने) वर्गहरुबिचको दुरी झन् बढ्दै गएको छ। धनीवर्गहरुले मोजमस्तीका लागि जतिपनि खर्चगर्ने प्रवृत्तिलाई वढाउदै लगेका छन्। यसको प्रत्यक्ष मार नहुने वा हुँदा खानेवर्गहरुमाथि परेको छ। यसले गर्दा पनि चाडपर्व सकिएपछि ऋणको भारले बिदेशिनुपरेका नेपालीहरुको संख्यामा कमी छैन। कतिपयले मानसीक सन्तुलन नै गुमाउनु परेका छन् भने गरीवी कै कारणले आत्महत्या गर्नेहरुको सूची लामो हुँदै गएको छ। सरकारी तथा गैरसरकारी कार्यालय तथा निजी कम्पनीका केही कर्मचारीहरुले दशैभत्ता समेत पाउने भएकोले दशैखर्च जोहो गर्न केही हदसम्म सहज हुन्छ, त्यसैगरी व्यापारीहरुले पनि दशैलाई नै आफ्नो प्रमुख आम्दानीका स्रोत बनाएका हुन्छन् तर दैनिक ज्याला गरेर दुईछाक टार्नुपर्नेहरुका लागि दशै दशा बन्दै गएको छ।

सरकारले सहुलियत दरमा उपभोक्ता कर्जा अनि त्यसमा सर्बसाधारणको पहुँच, अत्यावश्यक खाद्यवस्तुमा मूल्य नियन्त्रण, अनुदान, करछुट लगायत अन्य विधि प्रयोग गरेर आम उपभोक्ताको क्रयशक्ति बढाउनु पर्ने हो। तर व्यवहारमा सरकारको भूमिका यस्तो छैन। बजार अनुगमन प्रभावकारी छैन। चाडपर्वको बेलामा सरकारी संयन्त अनुगमन गरेको नाटकमात्र गरिरहेका छन्। सरकार आम उपभोक्ताको हितमा भन्दा पनि केही सिमीत व्यापारीहरुको हितमा काम गर्दै आइरहेको छ। बजारमा सरकारको दरिलो उपस्थिति नहुँदा व्यापारीहरुमा सकेजति लुटौं भन्ने अवस्था सिर्जना भएको छ। यसले महंगीलाई बढाउन मलजल गरेको छ।

दशै तिहारमा अन्य समयको भन्दा बढी खर्च हुने गर्छ। खर्च चै बढ्ने तर आम्दानी नबढ्ने हुदाँ समस्या वढेको छ। त्यसैले पनि घाँटी हेरी हाड निल्नु भने झै आफ्नो आम्दानी अनुसार खर्च गर्नुपर्ने हो। तर विभिन्न बाध्यता र परिबन्धले गर्दा पनि कम आय हुनेहरुले यसलाई व्यवहारमा लागु गर्न सकेका छैन्न। लघुवित्त र अन्य वीत्तिय संस्थाहरुले ऋण प्रवाहको नाममा सर्वसाधरणहरुलाई झन् गरिब बनाउँदै लगेका छन्। त्यस्तै साहुमहाजनसँग चर्को ब्याजदरमा ऋण काढेर धुमधामसँग चाडपर्व मनाउने प्रचलनलाईृ राम्रो मान्न सकिँदैन। त्यसैपनि आयो दशैं ढोल बजाई गयो दशै ऋण बोकाई भन्ने पुरानो उक्ति व्यवहारमा चरितार्थ हुँदै गएको छ।

वास्तवमा कुनै पनि चाडपर्व आफैंमा जीवन पद्धति र दर्शन पनि हो। यस्ता चाडपर्वले हामीलाई जीवन र जगतका अनेकन् कुरा बुझाउँछ, अनुभूत गराउँछ। र, सुन्दर जीवन बाँच्न प्रेरित गर्छ। यो चाडको सार हो, असत्यमाथि सधैं सत्यको जीत हुन्छ। चाहे जतिसुकै भयंकर हुंकर गरौं, जतिसुकै भयंकर प्रपञ्च रचौं, जतिसुकै भयंकर शक्ति प्रयोग गरौं। आखिरमा सत्य डग्दैन। तर, यो चाडले यति मात्र भन्दैन। यसको अन्तर्य अरु आयमिक छ।

जब हामी दशैंलाई विधिपूर्वक मनाउँछौं, त्यसले हाम्रा बालबालिकालाई धेरै कुरा सिकाउँछ, बुझाउँछ। त्यसैले

...बाँकी पृष्ठ ३ मा

# मणिराज गौतमको "प्रवासका फुलहरु" बेल्जियममा विमोचन

समाज संवाददाता

बेल्जियमः नेपाल पत्रकार महासंघ मकवानपुर जिल्ला शाखाका अध्यक्ष मणिराज गौतमको कृति "प्रवासका फुलहरु" को आइतबार बेल्जियममा बिमोचन गरिएको छ। अन्तर्राष्ट्रिय साहित्य समाज (अनेसास) बेल्जियम च्याप्टरले आयोजना गरेको विमोचन समारोहमा बेनेलक्सका लागि नेपाली राजदूत गेहेन्द्र राजभण्डारी, एनआरएनए बेल्जियमका अध्यक्ष सीता सापकोटाले गौतमको कृति विमोचन गर्नु भएको हो ।

पुस्तक विमोचन गर्नुहुँदै राजदूत राजभण्डारीले बिदेशमा बस्ने नेपालीहरुका अनुभवलाई देशका नीति निर्माताहरुले बुझ्न सकेमा देश विकासमा ठुलो सहयोग पुग्ने बताउनु भयो । पुस्तक युरोपका नेपालीहरुको दस्तावेजको रुपमा रहने भएकाले पनि ईतिहास बन्ने उहाँको धारणा रहेको थियो । पुस्तक मार्फत विदेशमा रहने नेपालीहरुको प्रतिनिधि भोगाई अनि सत्य कथाबाट युवा पुस्तालाई सकारात्मक उर्जा प्रदान गर्ने विश्वास उहाँले व्यक्त गर्नुभयो । राजदूत राजभण्डारीले प्रवास बसाइका अनुभव, संघर्ष र सफलताका साथै नेपाली भाषा, कला, साहित्य, संस्कृति र नेपाली मौलिक पहिचानलाई उनिहरुले कसरी विश्व सामु फैलाइरहेका छन् भन्ने विषय लिपिबद्ध गरी पुस्तक तयार भएको राजभण्डारीले बताउनुभयो ।

लेखक गौतमले मुलुक बाहिर रहेका मुलुकका असल छोराछोरीका जीवन्त कथा लेखिएको बताउनु भयो। करिब डेढ वर्षको अन्तरालमा पुस्तक तयार गरेर विदेशी भूमिमा विमोचन गर्ने अवसर पाएकोमा अनेसासप्रति आभार व्यक्त गर्नुभयो । पुस्तकमा युरोपमा रहेका ३९ जना नेपालीहरुको बाल्यकाल, शैक्षिक अवस्था, राजनीति, परिवारिक अवस्था, बैदेशिक संघर्ष लगायतका वास्तविक कथा समावेश गरिएको गौतमले बताउनु भएको छ ।

एनआरएनए बेल्जियमकी अध्यक्ष सीता सापकोटाले विदेशमा रहेका नेपालीहरुले धेरै चुनौतिका बीचमा पनि नेपाली पहिचानलाई निरन्तरता दिने र यसको प्रचार प्रसारका लागि लेखक गौतमले उदाहरणीय काम गरेकोमा धन्यवाद व्यक्त गर्नुभयो । नेपाल पत्रकार महासंघ बेल्जियमका अध्यक्ष ओम शर्माले सुन्दर भविष्यको कल्पना गरेर देश छाडेर युरोप पुगेका नेपालीहरुका सत्य कथाहरु संकलन गरेकोमा पत्रकार गौतमप्रति आभार प्रकट गर्नु भयो । आफ्नो जनभूमि छाडेर फरक भुगोल, संस्कार र संस्कृतिमा आफुलाई स्थापित गर्न नेपालीहरुले युरोपमा गरेका संघर्षका कथाहरु प्रेरणादायी बन्ने उहाँले बताउनुभयो ।

कार्यक्रममा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका केन्द्रिय उपाध्यक्ष डिल्ली अमाईले पुस्तक माथि टिप्पणी गर्नुहुँदै यसले युरोप भित्रका अधिकतम देशका विभिन्न पेशा वा सेवामा कार्यरत नेपाली प्रतिनिधिहरुसँग प्रत्यक्ष संवाद गरेर पुस्तक प्रकाशन गरेकोमा पत्रकार गौतमलाई धन्यवाद दिनुभयो । पुस्तक अभिलेखका रुपमा रहने भएकाले यसको महत्व उच्चतम हुने उहाँले बताउनु भयो । कार्यक्रममा अनेसास बेल्जियमका महासचिब गोपाल दाहालले पुस्तक माथि टिप्पणी गर्दै निकै संघर्ष गरेर तयार गरिएको पुस्तकले आम नेपालीको कथा बोल्ने बताउनु भयो ।

यस्तै अनेसास बेल्जियम अध्यक्ष सौरभ कारन्जितले प्रवासका नेपालीहरुको संघर्षको अन्तरकथा तयार पारी विमोचनका लागि अनेसासलाई अवसर दिनुभएकोमा धन्यवाद दिनु भयो । युरोपमा नेपालीहरुका दिव्य आशा, उन्मुक्त मनोभाव, उत्तेजना, सफलता-असफलताका कथा र संकल्पहरु समावेश गरिएको प्रवासका फुलहरु पुस्तक कलात्मक कृतिका रुपमा रहने बताउनु भयो ।

कार्यक्रममा एनआरएनए आइसीसी सदस्य मदन दवाडी, हरी भट्टराई, उपाध्यक्ष कासी दनै, ओएनएफ बेल्जियमका अध्यक्ष बिनोद न्यौपाने, जनसम्पर्क समिति बेल्जियमका उपसभापति बिराट जोशी लगायतले कृति सफलताको शुभकामना ब्यक्त गर्नु भयो । पुस्तकमा लेखक संघ केन्द्रीय सदस्य हयग्रीव आचार्यको भाषा सम्पादन, कवि लेखक संप्रस पौडेलको कथा सम्पादन, श्रीराम दहाल र बिना देबकोटाको श्रुति लेखन रहेको छ भने पुस्तकको प्रकाशन, लेआउट डिजाइन आकृति क्रियशनका राम अबिकास र वितरकमा किताब घर हेटौंडाका छवि अनित्य रहनुभएको छ ।

## वडा दशैं...

दशैंमा गरिने हरेक विधि-विधानलाई हामीले बालसुलभ उत्सुकताले हेर्न, प्रश्न गर्न र बुझ्न जरुरी हुन्छ ।

दशैं तिहारमा जाडरक्सीको सेवन बढी हुने, खसीबोकाहरुलगायत पशुहरुको काटमार बढी हुने, जुवातास बढी खेलिने प्रवृत्ति बढ्दै गएकाले पनि फजुल खर्चलाई बढाएको छ । लुटपाट, झैँगडा र सवारी दुर्घटनाले पनि चाडपर्वहरुलाई खल्लो बनाउँदै लगेका छन् । यसले गर्दा जनधनको क्षतिलाई वढाएको छ । यस्ता सामाजिक विकृति, विसंगतिहरु वर्षौनी बढ्दै गएको छ । साँच्चै चाडपर्व भनेका हाम्रा अमूल्य संस्कृति, मूल्य मान्यता र संस्कार हुन् । चाडपर्वहरु बढी भड्किलो र खर्चिलो हुनु हुँदैन, सबैले धान्न र मान्न सक्ने हुनुपर्दछ । सामाजिक सद्भाव बढाउने, मेलमिलाप बढाउने र सामाजिक मूल्य र मान्यतालाई संगठित बनाउने हुनु पर्दछ। यसमा देखिएका विकृतिहरुलाई हटाउँदै लानु पर्दछ। यसका लागि सबैको सहयोग अनिवार्य छ। वडादशैंको अवसरमा सबैमा हार्दिक मंगलमय शुभकामना ।

*amaradhikari@hotmail.com*

मंगलमय शुभकामना

वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व वडा दसैं, तिहार, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण उद्योगी, व्यवसायी, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

प्रमोद सिंह रानाभाट, उपाध्यक्ष
मकवानपुर उद्योग वाणिज्य संघ
हेटौंडा, मकवानपुर

मंगलमय शुभकामना

वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व वडा दसैं, तिहार, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, अभिभावक, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सुदीप राज गिरी, प्रिन्सीपल
एवम् मकवानपुर बालविद्या सदन परिवार
हेटौंडा-१८, खड्कुले

मंगलमय शुभकामना

वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व वडा दसैं, तिहार, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, अभिभावक, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सविता भण्डारी, प्रिन्सीपल
एवम् रेड रोज इंग्लिस सेकेण्डरी बोर्डिङ स्कूल परिवार
हेटौंडा-१६, हटिया

मंगलमय शुभकामना

वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व वडा दसैं, तिहार, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, विद्यालय सञ्चालक, अभिभावक, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विनोद सुवेदी, अध्यक्ष
एवम् प्याब्सन मकवानपुर परिवार
हेटौंडा, मकवानपुर

मंगलमय शुभकामना

वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व वडा दसैं, तिहार, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, अभिभावक, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

बेलप्रसाद खतिवडा, प्रोप्राइटर
एवम् थर्ड आई एजुकेशनल सेन्टर प्रालि परिवार
हेटौंडा-४, अजरअमररोड

मंगलमय शुभकामना

वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व वडा दसैं, तिहार, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण सेयर सदस्य ज्यूहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नवराज अर्याल, अध्यक्ष
एवम् श्रमिक सुरक्षित बचत तथा ऋण सहकारी संस्था लि. परिवार
हेटौंडा-४, अजरअमररोड

मंगलमय शुभकामना

वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व वडा दसैं, तिहार, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण सेयर सदस्य ज्यूहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

भोजमान श्रेष्ठ, अध्यक्ष
एवम् पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लि. परिवार
हेटौंडा-२, मकवानपुर

## निर्माण व्यवसायी संघ मकवानपुर

### दरभाउपत्र स्विकृत गर्ने आशयको सुचना

*प्रकाशित मिति २०८१/०६/२२*

निर्माण व्यवसायी संघ मकवानपुरको स्वामित्वमा रहेको जिल्ला मकवानपुर हे.उ.म.न.पा. ४ नं. वडा स्थित कित्ता नं. ३३४८ र ३२५९ को जम्मा ०-०-१८ धुर जग्गामा ५ तल्लाको बहुउद्देश्यीय भवन निर्माण गर्ने निर्णय भए अनुसार यस संघबाट भवनको नक्सा इस्टिमेट, BOQ एनलाईसेस र सुपरभिजन समेत गर्नका लागि मिति २०८१/०४/०८ मा प्रकाशित सुचना अनुसार तोकिएको म्याद भित्र नियमानुसार प्राप्त विभिन्न दरभाउपत्रहरु मध्ये प्रभावग्राहीहरु मध्येबाट अलग-अलग नेगोसेशन पश्चात श्री M/S: S-team Consultancy services, Hetauda-2 को रु. १,९५,४२२.२० (एक लाख पन्चानब्बे हजार चार सय बाईस रुपैयाँ बीस पैसा) मात्र को दरभाउपत्र सबैभन्दा कम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भएकोले यो दरभाउपत्र स्विकृत सम्बन्धी आशयको सुचना प्रकाशित गरिएको छ ।

**राजेन्द्र प्रसाद चौलागाई**
**महासचिव**
**निर्माण व्यवसायी संघ मकवानपुर**

मंगलमय शुभकामना

वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व वडा दसैं, तिहार, छठ पर्व २०८१ को शुभ अवसरमा हाम्रा सम्पूर्ण ग्राहक तथा सेवाग्राहीमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो.सुवोध सुवेदी/उद्दिप ढकाल
एवम् डेजी मोवाइल सेन्टर परिवार
हेटौंडा-४, पारिजातपथ



# हेटौंडा–८ मा वडास्तरीय दौड र डोरी तान्ने प्रतियोगिता सम्पन्न



*५ हजार मिटर दौडमा प्रथम हुन सफल जेयल गुरुङ ।*

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका वडा नम्बर ८ को आयोजना तथा वडा खेलकुद विकास समितिको सहकार्यमा एथ्लेटिक्सतर्फका खेलहरु सम्पन्न भएका छन् । शनिबार पुरुष दौड, महिला दौड र महिला डोरी तान्ने प्रतियोगिता भएको हो ।

एथ्लेटिक्सतर्फका संयोजक जय थापाका अनुसार तेस्रो कमाने दौडमा निर्धारित ५ किलोमिटरको दुरी २० मिनेट २२ सेकेन्डमा पार गर्दै युवातर्फ जेयल गुरुङ प्रथम, २१ मिनेट २३ सकेन्डमा पार्दै गर्दै समल लामा द्वितीय र २१ मिनेट ३९ सेकेण्डमा पार गर्दै सियान पराजुली तृतीय भएका छन् । प्रथम, द्वितीय र तृतीयले क्रमशः १५ हजार, १० हजार र ५ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगितामा ४० वर्ष उमेर माथि समुहका पवन अधिकारीले २४ मिनेट ४८ सकेण्डमा दुरी पार गर्दै प्रथम, २६ मिनेट १६ सेकेण्डमा निर्धारित दुरी पार गर्दै शुक्रराज खत्री द्वितीय र २६ मिनेट ३९ सेकेण्डमा निर्धारित दुरी पार गर्दै नवराज पौडेल तृतीय हुनुभएको छ । प्रथम, द्वितीय र तृतीयले क्रमशः ५ हजार, ३ हजार र २ हजार रुपैयाँ प्राप्त गर्नेछन् । प्रतियोगितामा २८ जना सहभागी भएका थिए ।

यस्तै महिला दौडमा सिर्जना स्याङ्तान प्रथम, निश्मा थापा द्वितीय र सरस्वती थिङ तृतीय हुनुभएको छ । प्रथम, द्वितीय र तृतीय हुनेहरुले क्रमशः ६ हजार, ४ हजार र २ हजार रुपैयाँ प्राप्त गर्नेछन् । महिला दौडमा ३० जना सहभागी भएका थिए । यस्तै महिला डोरी तान्ने प्रतियोगितामा फायरलाइन किरणचोक प्रथम भएको छ । नमुना मेनरोड टोल विकासलाई हराउँदै फायर लाइन प्रथम भएको हो । प्रतियोगितामा १० वटा टोल विकास समितिका टिमहरुको सहभागिता थियो । प्रतियोगिताको प्रथम टिम फायरलाइनले ५ हजार र द्वितीय नमुनाले ३ हजार रुपैयाँ प्राप्त गर्नेछन् । प्रतियोगिताको प्रथम, द्वितीय र तृतीय हुनेहरुलाई वडाअध्यक्ष कप फुटबल प्रतियोगिताको समापनपछि पुरस्कार वितरण गरिने जनाएको छ । वडाध्यक्ष कप फुटबल प्रतियोगिता बुधबार सम्पन्न हुनेछ ।

# करेन्ट लागेर एकजना घाइते

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१६, हटियास्थित शिवम् सिमेन्ट उद्योगमा करेन्ट लागेर एकजना पुरुष घाइते भएका छन् । घाइते हुनेमा बागमती गाउँपालिका-८, फापरबारीका ३५ वर्षीय लाल बहादुर राउत रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

आइतबार शिवम् सिमेन्ट फ्याक्ट्रीमा क्रसरको बेसप्लेट वल्डिङ गर्ने क्रममा राउत अचानक करेन्ट लागी घाइते भएका छन् । राउतको स्वास्थ्य अवस्था मध्यम रहेको र हेटौंडा अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

# डकैतीमा संलग्न ४ जना पक्राउ

समाज संवाददाता

हेटौंडाः ज्येष्ठ नागरिकको रकम डकैतीमा संलग्न ४ जनालाई जिल्ला प्रहरी कार्यालय बाराले पक्राउ गरेको छ । असोज १ गते १२ बजेर १५ मिनेटको समयमा बारा जिल्लाको कलैया उपमहानगरपालिका वडा-१ स्थित प्रभु बैंक अगाडि कलैया-१३, बलिरामपुरका एक जना ज्येष्ठ नागरिकको रकम डकैती गर्ने ४ जनालाई जिल्ला प्रहरी कार्यालय बाराले पक्राउ गरेको हो ।

प्रभु बैंकबाट ५० हजार रुपैयाँ निकालेर घरमा जाने क्रममा रकम निकाल्न लागेको पूर्वसूचना लिई भारतीय बीआर २२ बीजे ३१६४ नम्बरको मोटरसाइकलमा आएका २ जना र अन्य २ जना गरी ४ जना अपरिचित व्यक्तिहरूले ज्येष्ठ नागरिक हिँड्दै गर्दा लुकाई ल्याएको चक्कु (छुरा) देखाई जेष्ठ नागरिकलाई तर्साएर रकम लुटेका थिए । लुटपाट गर्ने योजना बनाइरहेको भन्ने सूचना प्राप्त भएकोले जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले भारतको बिहार राज्यको पश्चिम चम्पारण जिल्लाका ५० वर्षीय सुरेश प्रसाद बनियाँ, रानीपोखरी टोल बस्ने ४५ वर्षीय शर्मा मुखिया र ३५ वर्षीय शैलेश तिवारी, मोजफरपुरका ३४ वर्षीय रवि दासलाई नियन्त्रणमा लिएर आवश्यक अनुसन्धान कार्य भइरहेको बारा प्रहरीले जानकारी दिएको छ ।

# एन्फा एकेडेमीका दिवंगत खेलाडीको स्मृतिमा दीप प्रज्ज्वलन

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला फुटबल संघले एन्फा एकेडेमीका दिवंगत ६ जना खेलाडीलाई सम्झिएको छ । असोज १२ गतेको भारी वर्षाका कारण सिस्नेरीको पहिरोमा परेर निधन भएका ६ खेलाडीहरुको स्मृतिमा संघले हेटौंडा-४ स्थित हुप्रचौरमा दीप प्रज्ज्वलन गरेको हो ।

अखिल नेपाल फुटबल संघ (एन्फा)ले सञ्चालन गरेको १४ वर्ष उमेर समूहको एकेडेमीमा रहेका हेटौंडाका अनुपम घलान, सिस्नेरीका दिवस बानियाँ, मकवानपुरगढीका साइमन योञ्जन, सर्लाहीका आदित्य बलम्पाखी, बाराका विकल रेग्मी र काठमाडौंका प्रियान्स आचार्यको पहिरोमा परी मृत्यु भएको स्मरणमा दीप प्रज्ज्वलन गरिएको संघका महासचिव छवी सुवेदीले जानकारी दिनुभएको छ ।

श्रद्धाञ्जली सभामा बागमती प्रदेश फुटबल संघका महासचिव लवराज ठकुरी, जिल्ला फुटबल संघका अध्यक्ष टीकाराम लामा, एन्फा मकवानपुरका फुटबल प्रशिक्षक विजयलाल श्रेष्ठको उपस्थिति रहेको थियो ।

# बाढीपहिरोमा परी मृत्यु हुनेको संख्या २४६ पुग्यो

काठमाडौंः असोज १० देखि १२ गतेसम्मको भारी वर्षाका कारण आएको बाढी पहिरोमा परेर सोमबारसम्म मृत्यु हुनेको संख्या दुई सय ४६ पुगेका छन् । नेपाल प्रहरीले सोमबार सार्वजनिक गरेको विवरण अनुसार एक सय ७८ घाइते भएका छन् । १८ बेपत्ता रहेको गृह मन्त्रालयका प्रवक्ता ऋषिराम तिवारीले जानकारी दिए ।

उनका अनुसार कूल १७ हजार एक सय ७४ को उद्दार गरिएको छ । सबैभन्दा ठूलो जनधनको क्षति बागमती प्रदेशमा भएको र त्यसमा पनि काठमाडौं उपत्यकामा धेरै क्षति भएको छ । बागमतीमा मात्रै एक सय ३९ जनाको मृत्यु भएको छ । मृतकमध्ये एक सय ७६ आश्रित परिवारलाई 'विपद् पीडित उद्दार र राहतसम्बन्धी मापदण्ड, २०७७' बमोजिम राहत रकम उपलब्ध गराइएको छ । प्रभावित परिवारलाई नगद सहायता तथा राहत सामग्री वितरण जारी रहेको उनले जानकारी दिए ।

मन्त्रालयअन्तर्गत केन्द्रीय विपद् गोदाम घरमा रहेको राहत सामग्री जिल्ला विपद् व्यवस्थापन समितिको मागको आधारमा उपलब्ध गराइएको छ । आपतकालीन राहत, पुनःनिर्माण र पुनःस्थापनालाई प्रभावकारी बनाउने उद्देश्यले गृहमन्त्रीसहितको टोलीले विभिन्न क्षेत्रको स्थलगत अनुगमन गरी राहत र पुनःनिर्माणलाई गति दिन निर्देशन दिएको उनले बताए । विभिन्न राजमार्गका अवरोध हटाई वा वैकल्पिक व्यवस्था गरी सञ्चालन गर्ने प्रयास भइरहेको मन्त्रालयले जनाएको छ । लाभग्राहीको विवरण प्राप्त हुनासाथ प्रभावितलाई खाद्यान्नलगायत तत्काल गुजारा गर्न नगद र अस्थायी आवास निर्माणका लागि पहिलो किस्तावापत् रकम जिल्ला विपद् व्यवस्थापन कोषबाट स्थानीय तहमार्फत उपलब्ध गराइने मन्त्रालयले जनाएको छ । *स्रोतः अनलाइनखबर ।*

# अन्तर्राष्ट्रिय सम्मेलनमा मकवानपुरका लघुकथाकार

समाज संवाददाता

अमृतसर (भारत): मकवानपुरका कथाकारहरुको समेत सहभागितामा पन्जाबको पिंगलवाडा अमृतसरमा आयोजित दुई दिवसीय अन्तर्राष्ट्रिय लघुकथा सम्मेलन आइतबार भव्यरूपमा सम्पन्न भएको छ । मिन्नी कहानी लेखक मञ्च र लोकमञ्च पन्जाबको आयोजनामा सम्पन्न कार्यक्रममा भारतका विभिन्न प्रदेश र नेपालबाट आएका लघुकथाकारहरुले लघुकथा वाचन गर्नुभएको थियो ।

भारतका दिग्गज सुप्रसिद्ध लघुकथाकारहरु डा. बलराम अग्रवाल, डा. अशोक भाटिया, डा. श्यामसुन्दर दीप्ति, डा. नीरज शर्मा, कान्ता राय, अशोक दर्द, जगदीश राय कुलरियाँ राममूरत राही, सन्तोष सुपेकरले लघुकथाको बारेमा बोल्नु भएको थियो । वरिष्ठ समीक्षक डाक्टर श्यामसुन्दर दीप्तिले वाचन गरेका लघुकथाहरूको समीक्षा गर्नुभएको थियो ।

सम्मेलनका संयोजक वरिष्ठ लघुकथाकार जगदीश राय कुलरियांको संयोजनमा भएको कार्यक्रममा नेपालबाट हयग्रीव आचार्यले अध्यक्षता ग्रहण गर्नुभएको थियो भने लघुकथाकार किशन पौडेल, रमेश मोहन अधिकारी, डीबी बर्तौला, माधव बहादुर पोखरेल, मिथिला अधिकारी, विष्णु प्रसाद गौतमले आ-आफ्ना लघुकथा वाचन गर्नुका साथै छोटो मन्तव्य राख्नु भएको थियो । कार्यक्रममा नेपालबाट साहित्यकार राजबाबु पहाडी, सिताराम दाहाल, अप्सरा पुडासैनीको सहभागिता रहेको थियो ।

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर
बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

मंगलमय शुभकामना
वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व वडा दसैं, तिहार, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण सेवाग्राही, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
रमेशलाल श्रेष्ठ, शाखा प्रबन्धक
एवम् नेपाल इन्स्योरेन्स कम्पनि हेटौंडा शाखा परिवार
हेटौंडा, मकवानपुर

मंगलमय शुभकामना
वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व वडा दसैं, तिहार, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण खेलाडी, प्रशिक्षक, खेलप्रेमी, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
रविन्द्रप्रसाद घिमिरे, अध्यक्ष
एवम् हेटौंडा उपमहानगर खेलकुद विकास समिति परिवार
हेटौंडा, मकवानपुर

मंगलमय शुभकामना
वर्षकै प्रमुख एवम् महत्वपूर्ण पर्व वडा दसैं, तिहार, छठ पर्व २०८१ को शुभ अवसरमा सम्पूर्ण उद्यमी, व्यवसायी, सहयोगी, शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
अञ्जनीकुमार पराजुली, प्रोप्राइटर
एवम् के.आर.पी. काष्ठ तथा फर्निचर उद्योग परिवार
हेटौंडा-१, चौकीटोल (थोक तरकारीबजारसँगै)

उपभोक्ताप्रति सचेत बनौं
- खाद्य पदार्थमा कम गुणस्तरको खाद्य पदार्थ वा अन्य अखाद्य पदार्थ मिसावट गर्न,
- अनुचित व्यापारिक क्रियाकलाप गर्न,
- वस्तु वा सेवाको वास्तविक गुणस्तर, नापतौल, मूल्य आदि ढाँटेर वा झुक्याएर विक्रि वितरण गर्न,
- एकाधिकारपूर्ण व्यापारिक क्रियाकलाप गर्न गराउन,
- एउटै वा एकै किसिमको वस्तु वा सेवा दिने व्यक्ति तथा कम्पनी मिलेर बजारमा एकाधिकार गर्न,
- अरुको उत्पादनलाई बजार प्रवेशमा रोक लगाउन,
- मिलिमतोमा महङ्गो मूल्य निर्धारण गर्न पाइदैन/हुँदैन।

यस्ता कार्य दण्डनीय भएकोले त्यस्तो गरेको पाइएमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा स्थानीय प्रशासनमा खवर गरौं ।
हेटौंडा उपमहानगरपालिका
नगरकार्यपालिकाको, कार्यालय

उपभोक्ताको जानकारी पाउने अधिकारको रक्षा गरौं
वस्तु उत्पादक कम्पनीहरुले आफ्नो उत्पादनमाः
- उत्पादकको नाम, ठेगाना र उद्योग दर्ता नम्बर,
- खाद्य पदार्थ र औषधि जस्ता वस्तुमा मिश्रण, परिमाण र तौल,
- गुणस्तर निर्धारण भएको वस्तुमा गुणस्तर चिन्ह,
- वस्तु उपभोग गर्ने तरिका,
- वस्तुको उपभोग गर्दा हुन सक्ने प्रभाव,
- वस्तुको मूल्य, ब्याच नम्बर, उत्पादन मिति र उपभोगको म्याद सकिने मिति उल्लेख गर्नु पर्दछ ।

त्यस्तो गरेको नपाइए तत्काल वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा स्थानीय प्रशासनमा उजुरी गरौं।
हेटौंडा उपमहानगरपालिका
नगरकार्यपालिकाको, कार्यालय

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ